कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
कुश्मा पर्वत
☎ ०६७-४२०४८४
गण्डकी प्रदेश,नेपाल

## प्रस्ताव आह्वानको सूचना !!!

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/२५**

यस कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम संचालन गर्न इच्छुक कुनै पनि सरकारी निकायबाट अघिल्लो आर्थिक वर्षमा सोही प्रकृतिका अनुदान सहयोग प्राप्त नगरेका कृषक/समुह/समिति/सहकारी संघ/संस्था/ कम्पनी/फार्म/ निजी उधमीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम मिति सार्वजनिक विदा परेको खण्डमा सो को भोलीपल्ट कार्यालय समय भित्र तोकिएको ढाँचामा कुश्मा नगरपालिका पशु सेवा शाखाको कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | संख्या | कुल अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | विपन्न परिवार लक्षित दुहुनो पशुमा अनुदान कार्यक्रम | गाई: ६<br>भैसी: ५ | प्रति गाई बढीमा २५,०००/-<br>प्रति भैसी बढीमा ४०,०००/- | एक पटकमा एउटा कार्यक्रममा मात्र प्रस्ताव पेश गर्न पाइने छ। |
| २. | लागत साझेदारीमा काउ म्याट व्यवस्थापन | ५० | प्रति म्याट बढीमा ५,०००/- | |
| ३. | लागत साझेदारीमा बंगुर पालन प्रवर्धन कार्यक्रम | ५ | प्रति व्यवसाय २०,०००/- | |
| ४. | बाख्रा स्रोत प्रवर्धन कार्यक्रम | १० | प्रति व्यवसाय ५०,०००/- | |

प्रस्ताव दर्ता गर्दा संलग्न हुनुपर्ने कागजातहरु

- रु. १० टिकट टाँसी तोकिएको ढांचा अनुसारको निवेदन
- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस
- संक्षिप्त कार्ययोजना
- सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि
- संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
- संस्था निजी फार्म दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
- व्यवसाय भाडामा संचालन भएको भए सम्झौता पत्र आदी।

**नोटः सम्झौता अनुरुप तोकिएको समयमा कार्य सम्पन्न नभएमा अनुदान रकम उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**

डा.रुपक कँडेल
पशु चिकित्सक